# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर बाँके
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८१-५४०००९


## CCTV Camera को विवरण उपलब्ध गराउने सम्बन्धी ७ दिने सूचना!!!

**प्रकाशित मिति २०७९/०५/०१**

प्रस्तुत विषयमा गृह मन्त्रालय योजना अनुगमन तथा मूल्यांकन शाखाको च.नं. २५ मिति २०७९/०४/१८ बाट आ.व. २०७९/२०८० को स्वीकृत कार्ययोजना र जिल्ला प्रशासन कार्यालयको प.सं. ०७९/८० (स्था.स.) च.नं. ५११ मिति २०७९/०४/२६ गतेको पत्रानुसार देशभर जडित CCTV camera को लागत संकलन गरी पठाउनु भनि आदेश प्राप्त भएको हुनाले कोहलपुर नगरपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, सुरक्षा निकाय, अस्पताल, सार्वजनिक स्थल (सडक, पार्क, धार्मिक स्थान लगायत), विद्यालय/ विश्वविद्यालय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गै.स.संस्थाहरु, निजि आवास, बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, औधोगिक/व्यवसायिक संघ/संस्थाहरु, होटल, रेष्टुरेन्ट, रिसोट, cafe, मनोरन्जन स्थल, सपिङ्ग मल, फन पार्क, संगठित संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल बमोजिमको ढाँचामा कोहलपुर नगरपालिका कार्यालयको सूचना प्रविधि शाखामा आफ्नो CCTV camera को विवरण अनिवार्य बुझाउनु हुन अनुरोध छ ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

**फाराममा अनिवार्य उल्लेख गर्नुपर्ने विवरण**

१. फर्म/ कार्यालय/ व्यवसाय/ निकायको प्रकार (माथि उल्लेखित)
२. फर्म/ कार्यालय/ व्यवसाय/ निकायको नाम
३. फर्म/ कार्यालय/ व्यवसाय/ निकायको ठेगाना
४. फर्म/ कार्यालय/ व्यवसाय/ निकायको सम्पर्क व्यक्तिको नाम
५. फर्म/ कार्यालय/ व्यवसाय/ निकायको सम्पर्क नं.
६. फर्म/ कार्यालय/ व्यवसाय/ निकायमा जडित CCTV Camera को संख्या

**पुनश्च: निम्न लिंक वा QR code प्रयोग गरी विवरण भर्न सक्नु हुनेछ ।**

**लिंक: https://bit.ly/3QoONah**